**सवारीसाधन व्यवस्थापनका लागि अनुरोध**

- काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दूरीका बसहरू गोंगबुस्थित नयाँ बसपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं ।
- सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्णरूपले पालना गरौं ।
- शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रीवाहक सवारी साधन रोक्ने, यात्री चढ्ने र ओर्लने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० फागुन २७ गते आइतवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2024 March 10 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १९१

## बाघ नियन्त्रणका लागि हात्तीको सहयोग, बाघ देखा परेन

प्रमोद यादव, पंचगावाँ, २६ फागुन/

सखुवाप्रसौनी गाउँपालिका–२ मा हिजोदेखि बाघ नियन्त्रणमा लिने अभियान सफल हुन सकेको छैन । हिजो शुक्रवार



तस्वीर: फाइल

दिनभरि बाघका कारण सखुवाप्रसौनी–२ आतङ्कित बनेको थियो । सो वडाका एकजना किसान बिहान उखु काट्न खेतमा गएका बेला दुईवटा बाघलाई देखेका थिए ।

उनको सूचनापछि प्रहरी र स्थानीयहरू भेला भएर एउटा बाघलाई उखुखेतबाट जङ्गलतर्फ भगाए भने अर्को बाघ उखुखेतमैं लुकेको थियो । उखुखेतमा लुकेको बाघलाई नियन्त्रणमा लिन हिजो सेना, जनपद र सशस्त्र प्रहरी, निकुञ्ज प्रशासन र स्थानीयले प्रयास गरेका थिए । हिजो राति बाघ नियन्त्रणका लागि दुईवटा हात्ती राति नै आएका र आज दिनभर उखुखेत र आसपासका खोला किनारमा खोजी गरिएको थियो ।

आज बाघ देखिएको बारेमा कतैबाट पनि सूचना प्राप्त नभएको सखुवाप्रसौनी गापाध्यक्ष यशवन्त यादवले बताए । उनले श्रीपुर पंचगावाँस्थित पुरानो सेनाको



तस्वीर: फाइल

ब्यारेकमा दुईवटा हात्ती राखिएको र बाघको सूचना पाएलगत्तै परिचालन गरिने बताए । बाघलाई नियन्त्रणमा लिनका लागि हिजो चितवन राष्ट्रिय निकुञ्जबाट डा विप्लव कार्कीको टोली आएको थियो ।

केही महीनादेखि जीराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी गापा तथा पर्सागढी नपाका मानिसहरू बाघका कारण भयभीत रहँदै आएका छन् । बाघकै कारण सो क्षेत्रका जनता साँझ पर्नेबित्तिकै घरबाट बाहिर ननिस्कनै डराउने, हुलाकी सडक सुनसान हुने र घरमा पनि आलोपालो गरी जाग्राम बस्ने गरेका छन् ।

बाघको आक्रमणबाट विगत तीन महीनामा दुईजनाको मृत्यु भएको छ भने थुप्रै मानिस घाइते भएका छन् । बाघले सो क्षेत्रका पशुचौपायाहरूलाई पनि मारेको र घाइते पारेको छ । यस अवधिमा तीनवटा बाघ पनि मरेको अवस्थामा फेला परेका छन् भने ज्युँदा बाघहरूको आक्रमणमा कमी आएको छैन ।

पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रसँग जोडिएका बस्तीहरूमा बाघको आक्रमण बढ्दो छ । निकुञ्जले जङ्गली जनावर बस्तीमा आउन नदिन तारबारको बन्दोबस्त नगर्दा जङ्गली जनावरहरूबाट वनक्षेत्रमा बसोबास गर्दै आएका मानिसहरू बढी प्रभावित हुने गरेका छन् ।

## तीन सय पशुलाई खोरेतविरुद्धको खोप



खोरेतविरुद्धको खोप दिंदै । तस्वीर: प्रतीक

प्रस, पोखरिया, २६ फागुन/

पोखरिया नगरपालिका–१ का पशुहरूलाई शनिवार एफएमडी (खोरेत) खोप लगाइएको छ ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पर्साको आयोजना र पोखरिया नगरपालिका पशु सेवा शाखाको प्राविधिक सहयोगमा वडा नं १ मा गाई, भैंसी, बाछा, बाछी, पाडा, पाडीलाई आज खोरेतविरुद्धको निश्शुल्क खोप लगाइएको हो । पोखरिया नगरपालिका पशु सेवा शाखा प्रमुख कौशलकुमार झाले तीन सयवटा पशुमा निश्शुल्क खोप लगाइएको बताए । उनले भेटेरिनरी अस्पताल तथा पशु सेवा प्रदेश कार्यालयबाट एक हजार थान पशुमा लगाउने खोरेत रोगविरुद्धको खोप प्राप्त भएको र सोही अनुसार फागुन १८ गतेदेखि वडास्तरमा पशुहरूलाई खोरेतविरुद्धको खोप लगाउँदै आएको बताए ।

## पाँच महिलासहित ११५ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २६ फागुन/

पर्सा र बारा गरी शनिवार तीन स्थानमा भएका रक्तदान कार्यक्रममा




पाँचजना महिलासहित ११५ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए ।

वीरगंज महानगरपालिका–२७ उदयपुरघुर्मीमा साना किसान कृषि सहकारी संस्थाले आयोजना गरेको रक्तदान कार्यक्रममा चारजना महिलासहित ५२ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक मनीष साहले बताए । कार्यक्रममा प्रदीप कुशवाहा, सन्तोष पटेल, रिनिता कुशवाहा, रामविनय यादव, उषा देवी र अन्तिमा देवीलगायतले रक्तदान गरेका प्राविधिक साहले बताए ।

यसैगरी, वीरगंज महानगरपालिका–१८ इनर्वा भवानीपुरमा राउन्ड टेबल नेपालले आयोजना गरेको रक्तदान कार्यक्रममा ३२ जनाले रक्तदान गरेका केन्द्रका प्राविधिक धीरेन्द्र झाले बताए । कार्यक्रममा महावीर यादव, मिथुन महतो, सन्तोष कुर्मी, अजय ठाकुर लोहार, सन्दीप पटेल, शर्मा पटेल, वीरेन्द्र साह, दिलीप रामलगायतले रक्तदान गरेका थिए ।

यसैगरी, बाराको जीतपुरसिमरा उपमहानगरपालिका कार्यालयले आयोजना गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित ३१ जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक प्रमुख पाण्डेयले बताए । कार्यक्रममा शिवजी प्रसाद, स्मृति बर्मा, राकेश चौधरी, राज गुप्ता, सत्यमान लामा, प्रकाश साहलगायतले रक्तदान गरेका थिए ।

## कोशी, बाग्मती र गण्डकीमा आंशिक बदली

काठमाडौं, २६ फागुन/रासस

कोशी, बाग्मती र गण्डकी प्रदेशमा शनिवार आंशिक बदली भएको छ । अन्य भूभागको मौसम भने मुख्यतया सफा रहेको छ ।

हाल नेपालमा पश्चिमी न्यून चापीय प्रणालीको आंशिक प्रभाव रहेको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार कोशी र गण्डकी प्रदेशका उच्च पहाडी तथा



हिमाली भूभागका केही स्थानमा हल्का हिमपात भएको छ ।

आइतवार गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का हिमपातको सम्भावना छ । सोमवार कोशी, बाग्मती, गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

आज राति कोशी, बाग्मती र गण्डकी प्रदेशका पहाडी भूभागमा आंशिक बदली रहनेछ भने बाँकी भूभागमा मौसम सफा रहनेछ ।

## जिएचपीमा विज्ञान प्रदर्शनी




प्रस, वीरगंज, २६ फागुन/

जिएचपी स्कूल, वीरगंजमा शनिवार कला तथा विज्ञान प्रदर्शनी आयोजना गरिएको छ ।

विद्यालयका निर्देशक ज्याक सिंहले कला तथा विज्ञान प्रदर्शनीको उद्घाटन गरेका थिए । प्रदर्शनीमा कक्षा १–९ सम्मका विद्यार्थीहरूले आआफ्नो कला र सीप प्रदर्शन गरेका थिए । विद्यार्थीहरूले एक वर्षमा सिकेका कला र विज्ञानसम्बन्धी परियोजनाहरू प्रदर्शनीमार्फत सार्वजनिक गरेका थिए । उनीहरूले टेस्ला क्वायल, हाइड्रोलिक मेशीन, रैन वाटर हार्भेस्टिङ, विद्युतीय साइकल, पेन्टिङलगायत प्रदर्शनी भएको प्रधानाध्यापक रमिन्द्र कौरले बताइन् ।

## घरबासलाई तोरी पिस्ने मिल हस्तान्तरण

माधव तिमिल्सिना, ठोरी, २६ फागुन/

मधेस प्रदेशकै पहिलो घरबास (होम स्टे)का रूपमा परिचित सुनाखरी सामुदायिक घरबासलाई शनिवार तोरी पिस्ने मिल हस्तान्तरण गरिएको छ । शनिवार सुनाखरी उपभोक्ता समितिका अध्यक्ष भीमबहादुर पाख्रिनले घरबास व्यवस्थापन समितिका अध्यक्ष शम्भुराम पौडेल एवं सचिव बलराम कर्मोचालाई संयुक्तरूपमा तोरी पिस्ने मिल हस्तान्तरण गरेका हुन् ।

घरबार प्रवर्द्धनका लागि सुनाखरी उपभोक्ता समितिद्वारा तोरी पिस्ने मिल मेशीन हस्तान्तरण गरिएको समितिका सचिव जीवन श्रेष्ठले बताए । पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय, आधाभार तथा तराई भूपरिधि कार्यक्रम कोहलपुर, बाँकेको सहयोगमा उपभोक्ता समितिले मिल हस्तान्तरण गरेको सचिव श्रेष्ठले बताए ।



कार्यक्रममा समितिका अध्यक्ष पाख्रिनले मिल हस्तान्तरणले घरबासको आयआर्जनमा वृद्धि हुने विश्वास व्यक्त गरे । घरबास व्यवस्थापन समितिका अध्यक्ष पौडेलले तराई भूपरिधि कार्यालय र सो कार्यका लागि पहलकर्ता प्रेम पौडेल र युवराज घतानेलाई धन्यवाद दिए ।

## अटो मेकानिक्सको अधिवेशन सम्पन्न




प्रस, वीरगंज, २६ फागुन/

जिफन्ट आबद्ध नेपाल अटो मेकानिक्स ट्रेड युनियन, जीतपुरसिमरा उपमहानगरपालिका, बाराको प्रथम अधिवेशन सम्पन्न भएको छ । कार्यक्रमका प्रमुख अतिथि जीतपुरसिमरा उपमहानगरका प्रमुख राजन पौडेलले अधिवेशनको उद्घाटन गरेका थिए ।

सोहेल अन्सारीको अध्यक्षतामा भएको अधिवेशन उद्घाटन कार्यक्रममा नेपाल अटोमेकानिक्स ट्रेड युनियनका अध्यक्ष प्रदीप घिमिरे, उपाध्यक्ष नारायण पुरी, मधेस अध्यक्ष हरि न्यौपाने, जिफन्ट मधेसका अध्यक्ष कमलेश झा, समग्र उद्योग ट्रेड युनियनका अध्यक्ष आनन्द थामी, वडाध्यक्ष धनबहादुर श्रेष्ठ, इलाका प्रहरी कार्यालय, जीतपुरका प्रमुख प्रदीपकुमार क्षेत्री, ट्राफिक प्रहरी रामभक्त यादवलगायतले अधिवेशन सफलताको लागि शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रममा स्वागत दीपु चौधरी र सहजीकरण अमृत बस्यालले गरेका थिए ।

## विचारसार र सूक्तिहरू

**सफल जीवनको रहस्य हो– भोक लागेभन्दा आधा खाऊ, दोब्बर हिंड, तेब्बर हाँस र प्रेम असीमित गर ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२१५२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# यस कारण चाहिन्छ प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**संसद्लाई राष्ट्र प्रमुख चुन्ने र कानून बनाउने काममा मात्र सीमित गरिने हो भने चुनावमा पैसाको चलखेलको विकृतिले स्वतः निकास पाउँछ । कानून निर्माणको थलोमा दक्ष मानिसको सहभागिता हुन्छ, जसले राजनीतिक व्यवस्थाप्रति उत्पन्न वितृष्णालाई निकास दिन सक्दछ ।**

राजनीतिक स्थायित्व आकाशको फलजस्तै भयो । राजनीतिक अस्थिरतामा विकास र समृद्धिका कुरा सुनिने मात्र हुन्छ, प्रत्याभूति सम्भव हुँदैन । जनताको नाममा राजनीति गर्नेहरूको ध्यान जति सत्ता बनाउने र बिगार्ने खेलमा खर्च भइरहन्छ यस्तो राजनीतिले जनहितलाई प्राथमिकतामा राख्दैन ।

विकासको सम्भावनाको हिसाबले हामी अगाडि छौं । बलौटे बगरमा उभिएका देशले २/४ दशकको अन्तरालमा विश्वकै अगाडि विकासको नमूना देखाइसकेका छन् । हामी तिनै देशका शासकलाई निम्त्याएर विकासको प्रवचन सुन्छौं, तर ती नेताले आफ्नो देशलाई कसरी विकासमा सफल बनाए भन्ने कुराको अनुसरण गर्न चासो देखाउँदैनौं । राजनीतिको यही प्रवृत्ति सम्भावना नै सम्भावनाको खातमाथि उभिएर सधैं अभावै अभावको दैनिकी बाँच्नुको कारण बनेको छ ।

राजनीति र विकास नीति एकअर्काका पूरक हुन् । विकास नीतिले ठीक तरीकाले काम गर्न राजनीतिक स्थायित्व चाहिन्छ । राजनीतिक स्थायित्वका लागि विकासको प्रत्याभूति आम जनताको दैनिकीमा पुगेको हुनुपर्दछ । हामीकहाँ अभाव नै यसैको छ । धेरै टाढा जानुपर्दैन, बितेको एक दशकमा दक्षिण छिमेकी भारतले गरेको विकास यो तथ्य बुझ्न पर्याप्त हुन सक्दछ । त्यहाँ भारतीय जनता पार्टीको सरकार स्पष्ट बहुमतसहित सत्तामा गए यता भारतले विकासमा फड्को मारेको हो । आज भारत विश्वकै अग्रणी अर्थतन्त्रको दौडमा अघि बढेको छ । यसै वर्ष हुने चुनावमा पनि भारतीय जनता पार्टीको अवस्था सबल हुने सङ्केत प्रकट भइसकेका छन् । जनतालाई चाहिएको विकास र त्यसको प्रत्याभूति हो ।

एक समय थियो, अविकासको नमूनाको रूपमा भारतको बिहारको नाम लिइन्थ्यो । आज हाम्रो विकास बिहार जत्तिको छैन । हामी विकासको मामिलामा कहाँ चुक्यौं ? स्पष्ट छ, राजनीतिले २००७ सालदेखि जनतालाई सपना मात्र देखायो । गरीबी र अभावलाई भजाएर राजनीतिक दुनो सोझ्याउने काम मात्र भयो । कहिले राणालाई त कहिले राजालाई विकासको अवरोध भनियो । सत्तामा दलीय हालीमुहालीका दुई दशकमा जनताले विकासको अनुभूति किन गर्न सकेन ? किन जनता निराश छ ? दुई छाक खाना र एकसरो लुगा लगाउन विदेशी भूमिमा पसिना चुहाउनुपर्ने अवस्था किन बन्यो ? हुँदाहुँदा अब उद्योगी व्यापारीसमेत पलायन हुने स्थिति आइसकेको छ ।

यो देश कसका लागि ? यो प्रश्न आम रूपमा उठ्न थालेको छ । बितेको दुई दशकमा देशमा ठूला राजनीतिक परिवर्तन भए । राजतन्त्रको ठाउँमा गणतन्त्र आयो, जन्मका आधारमा होइन, जनताले छानेर पठाएका प्रतिनिधिले राष्ट्र प्रमुख बनाउने व्यवस्था आयो । गणतन्त्रका ठेकेदारहरू नै आज राष्ट्र प्रमुखले पदीय गरिमा जोगाउन नसकेको बताइराखेका छन् । केन्द्रीय एकात्मक शासन प्रणालीको सट्टा सङ्घीयता आयो । काठमाडौंको सिंहदरबार गाउँगाउँमा पुऱ्याइयो । तर, गाउँगाउँका सिंहदरबार भ्रष्टाचार र कमिशनखोरका अखडाजस्ता भए । प्रदेश संयन्त्र आज कार्यकर्ता व्यवस्थापन र कमिशन कुम्ल्याउने उपक्रम बढी बनेको छ । सबै धर्म जातजातिको आत्मसम्मान र अवसरका लागि राज्यलाई धर्म निरपेक्ष बनाइयो । कहिल्यै नबिथोलिएको धार्मिक सद्भाव आज आशङ्काको घेरामा छ । ठाउँठाउँमा धर्मका नाममा अराजकता र अशान्तिका घटना भइराखेका छन् ।

आज गरिखाने वर्ग निराशामा बाँचिराख्दा राजनीतिलाई पेशा बनाएका र तिनीहरूसँग साँठगाँठ राख्ने माफिया र दलाल पूँजीपतिको हैसियत दिन दुगुना रात चौगुना चम्किएको छ, किन ? हिजो लुकीछिपी हुने भ्रष्टाचार आज खुलेआम भइसकेको छ, कमिशनखोरी छताछुल्ल छ । भ्रष्टाचार नियन्त्रणका निकाय राजनीतिक छायामुनि निरिह छन् । ती निकायका मुखियाहरू सत्तासीन शीर्षस्थका मुन्सीजस्ता प्रतीत हुन्छन् । राजनीतिमा भ्रष्ट, अपराधी, किर्ते, जालसाजी, दोहोरो नागरिकता र पासपोर्टधारीको बोलाबाला छ । जो जति विवादास्पद छ, राजनीतिमा उसैको हालीमुहाली त्यति नै बलियो देखिएको छ । सत्ता साँठगाँठमा यही तप्काको वर्चस्व बनेको अवस्था छ । यसले नेता मात्र होइन, व्यवस्थाप्रति नै असन्तुष्टिको ओज स्वाभाविकरूपमा बढाएको छ । तर, नेतृत्वले यो वास्तविकता स्वीकार गरेर सच्चिनुको सट्टा व्यवस्थाप्रतिको षड्यन्त्रको रूपमा कुप्रचार गर्नु झन् अस्वाभाविक हो ।

एउटा राजा फालेर टोलटोलमा राजा बनाउने व्यवस्था ल्याइएछ भन्ने कटाक्ष र पछुतोको स्वर बाक्लिन थालेको छ । आज राजतन्त्रको पक्षमा जनमत बनाउने प्रयत्न भइराखेको छ, किन ? यो गणतान्त्रिक व्यवस्था हाँक्नेहरूकै नालायकीको परिणति हो । व्यवस्थाका ठेकेदारहरूले जनताको अपेक्षा सम्बोधनमा ध्यान नदिने, तर आफ्नो स्वार्थ र हैसियत मात्रै उकास्ने काममा लिप्त रहने हो भने स्वाभाविकरूपमा विकल्पको खोजी हुन थाल्छ । त्यसो भए के यो व्यवस्था नै बेठीक हो त ? होइन । लोकतन्त्रिक गणतन्त्रको विकल्प अरू हुन सक्दैन । लोकतान्त्रिक व्यवस्थाबाटै यो व्यवस्था चलाउनेहरूको नालायकीको निकास खोज्नुपर्दछ । तर, कसरी ?

भारतमा मोदी सरकारले एक दशकमा उदाहरणीय विकास गर्दा करीब त्यस्तै शासन व्यवस्था भएका हामी राजनीतिक स्थायित्व र विकासका सवालका किन उँधोगतितिर उन्मुख भयौं ? भारतमा नरेन्द्र मोदीको छवि विकास र सुशासनको पर्यायको रूपमा अगाडि आउँदा हाम्रा सत्ताधारीहरूको व्यक्तित्व कस्तो छ ? भनिराख्नुपर्दैन । समस्याको चुरो यहींनिर छ । स्पष्ट छ, हाम्रो राजनीति स्वाधीन छैन । नेताहरूले जति नै राष्ट्रियता र स्वाधीनताका गफ चुटे पनि अलिकति पनि राजनीतिक चेतना भएको जनताले त्यसलाई पत्याउँदैन ।

दुईतिहाइ बहुमतको सरकार पूरा कार्यकाल चल्न सकेन । जनताले एक नम्बरमा पुऱ्याइदिएको दल अहिले प्रतिपक्षमा रोइकराइ गरिराखेको छ । तेस्रो दलले पहिलो र दोस्रो दललाई पालैपालो घुमाइराखेको छ । लोकतन्त्रमा जनमतको योभन्दा भद्दा मजाक अरू के हुन सक्छ ? यो अवस्था रहेसम्म आर्थिक विकास र सुशासन केवल भन्ने र सुनिने, तर नदेखिने कुरा मात्र बन्छ ।

यसको निकास के त ? प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख (प्रधानमन्त्री) को संवैधानिक व्यवस्थाले अहिले व्याप्त बेथितिको निकास दिन सक्दछ । अहिले सतहमा उठिरहेको राजनीतिक प्रतिगमनको सम्भावना मेट्ने उपाय बन्न सक्दछ । विगतमा परीक्षण भइसकेको राजतन्त्रका लागि होइन, अब प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखका लागि जनमत तयार पार्नुपर्दछ । संसद्लाई सत्तागणितको खेलको थलो बनाइनु नै अस्थिरता र भ्रष्टाचारको मूल हो । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्थाले सत्ता राजनीतिमा बाह्य प्रभाव र दबाबको सम्भावना अन्त्य गरिदिन्छ ।

प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखले संसद् बाहिरबाट विषयविज्ञ समेटेर आफू अनुकूल मन्त्रिपरिषद् बनाउनुपर्दछ । प्रदेशमा पनि यही मोडेल लागू हुनुपर्दछ । कार्यकारी प्रमुखलाई जनताप्रति जवाफदेह र जिम्मेवार बनाउन 'राइट टु रिकल'को व्यवस्था राखिनुपर्दछ । स्थानीय सरकारमा पनि यसको खाँचो देखिएको छ । यसले शासकलाई स्वेच्छाचारी र निरङ्कुश हुनबाट लगाम लगाउँछ । संसद्लाई राष्ट्र प्रमुख चुन्ने र कानून बनाउने काममा मात्र सीमित गरिने हो भने चुनावमा पैसाको चलखेलको विकृतिले स्वतः निकास पाउँछ । कानून निर्माणको थलोमा दक्ष मानिसको सहभागिता हुन्छ, जसले राजनीतिक व्यवस्थाप्रति उत्पन्न वितृष्णालाई निकास दिन सक्दछ ।

## साइबर अपराधका घटना छ गुणाले बढे

काठमाडौं, २६ फागुन/रासस

पछिल्लो पाँच वर्षमा साइबर अपराधका घटना छ गुणा बढीले वृद्धि भएको पाइएको छ ।

नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरोको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७६/७७ मा दुई हजार ३०१ निवेदन आएकामा चालु आवको फागुन २३ सम्म १२ हजार ७८९ निवेदन आएका छन् । त्यस्तै, आव २०७७/७८ मा तीन हजार ९०६, आव २०७८/७९ मा चार हजार ६८६ र आव २०७९/८० मा नौ हजार १३ निवेदन परेको प्रहरी प्रधान कार्यालयले उल्लेख गरेको छ ।

प्रहरीका अनुसार चालु आवको फागुन २३ गतेसम्म अनलाइन माध्यमबाट पीडित बालकका १६४, बालिकाका २४२, महिलाका पाँच हजार ७०३, पुरुषका छ हजार १७७ र अन्यमा ५०३ गरी जम्मा १२ हजार ७८९ निवेदन प्रधान कार्यालयमा आएका छन् ।

साइबर ब्यूरोका प्रहरी उपरीक्षक तथा प्रवक्ता दीपकराज अवस्थीले अनलाइन ठगी, अश्लील फोटो तथा भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्ने, अन्य व्यक्तिको नाम तथा तस्बिर प्रयोग गर्ने, वेबसाइट ह्याकिङलगायतका अपराधका विभिन्न स्वरूपमध्ये पछिल्लो समय ब्यूरोमा आर्थिक ठगीका निवेदन बढी आएको जानकारी दिए ।

साइबर अपराधका प्रवृत्तिमा विभिन्न किसिमका नग्न तस्वीरमा व्यक्तिको मुहार जोडी अनलाइन प्रविधि राख्ने, अश्लील फोटो तथा भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्ने, सम्पूर्ण सूचना आफ्नो नियन्त्रणमा लिई फिरौती माग गर्ने, सामाजिक सञ्जालमा अन्य व्यक्तिको नाम तथा तस्बिर प्रयोग गरेर प्रोफाइल पेज खोली बेइज्जत गर्ने तथा दुःख दिने, सरकारी तथा अन्य सङ्घसंस्थाका वेबसाइट ह्याकिङ गर्ने, अनलाइन ठगी गर्नेजस्ता गतिविधि पर्छन् ।

# प्रकृतिका साथ स्वस्थ र निरोगी जीवन

प्रकृति जीवनको, स्वास्थ्यको, सबै प्रकारको पोषणको स्रोत हो । प्रत्येक जीव-जन्तु यसको काखमा प्राकृतिक प्रेरणाले जीवन बाँच्दछन् । तिनका आहार-विहार र जीवन प्राकृतिक नियमहरूसँग बाँधिएको हुन्छ । अतः ती स्वस्थ-नीरोग जीवन बाँच्दछन् । एउटा मानिस मात्रै हो, जो प्रकृतिविरुद्ध हिँड्छ, पाइला-पाइलामा यसको नियमको उल्लङ्घन गरिरहन्छ र यसको गम्भीर परिणाम भोगिरहन्छ । जो मानिस अप्राकृतिक जीवन बाँच्दछ, ऊ बिरामी हुन्छ र असमयमै कालको ग्रास बन्छ ।

सबै जीव-जन्तु र पशुपक्षी प्रकृतिको अनुसरण गर्दछन् । परिणामस्वरूप उनीहरूलाई कुनै किसिमको बिमारी हुँदैन, न कुनै चिकित्सक वा वैद्यको आवश्यकता पर्छ; जबकि मानिसको देखरेखमा पालिएका पशु-पक्षी अप्राकृतिक जीवनका लागि विवश हुन्छन् तथा यदाकदा बिरामी भइरहन्छन् । तिनका लागि पशु चिकित्सालय खोल्नुपर्छ, तर जङ्गलमा प्रकृतिको काखमा स्वच्छन्द विचरण गर्ने जीव-जन्तुहरूमा कुनै पनि प्रकारको कमजोरी वा बिमारी देखिँदैन ।

यसै प्रकार जो मानिस प्राकृतिक जीवन बाँच्दछ, ऊ स्वस्थ-नीरोग र दीर्घायु हुन्छ । प्राचीनकालमा यसै आधारमा मानिस सय वर्षसम्म स्वाभाविकरूपले बाँच्दथे । वेदहरूमा- **जीवेम शरदः शतम्** अर्थात् सय वर्षसम्म बाँच्ने कुरा भनिएको छ । वस्तुतः स्वस्थ र निरोगी हुनु धेरैजसो प्राकृतिक तत्त्वहरूको स्थितिमा निर्भर गर्दछ । आहार-विहारमा लापरवाहीका कारण यी तत्त्वहरूको सन्तुलन बिग्रिरहन्छ, फलस्वरूप कैयौं प्रकारका रोग उत्पन्न हुन्छन् ।

वायुको मात्रामा असन्तुलन भयो भने बाथ, लकवा, कम्प, अररिने, नाडी निक्षेप आदि रोग जन्मन्छन् । अग्नि तत्त्वमा असन्तुलन भयो भने घाउ-खटिरा, रक्त विकार, हैजा, पखाला, क्षय आदि हुन्छ । जल तत्त्वको गडबडीले पेचिश, सङ्ग्रहणी (अपच), प्रमेह, रुघाखोकीजस्ता विकार उत्पन्न हुन्छन् ।

पृथ्वी तत्त्व बढ्यो भने फलेरिया, तिल्ली, मुटु, मोटोपनजस्ता रोगहरू हुन्छन् । आकाश तत्त्वको विकारका कारण मूर्च्छा, छारेरोग, उन्माद, पागलपन, झोक, अनिद्रा, भ्रम, अत्यास, दुःस्वप्न, बहिरोपन, विस्मृति आदि रोगले जीवनलाई आक्रान्त पार्दछन् ।

यी तत्त्वहरूको मिश्रित विकारको मात्रा अनुसार अनेक थरीका रोग उत्पन्न हुन्छन् । यस प्रकार पञ्चतत्त्वको न्यूनता एवं अधिकता रोगहरूका कारण बन्दछन् । जुन तत्त्वका कारण विकार उत्पन्न हुन्छ, त्यो कारण हटाउने हो भने अन्य विकार पनि हट्छ । यो कुरा स्पष्ट छ कि पञ्चतत्त्वबाट बनेको यस कायालाई प्रकृतिका नियमहरूको अनुसरण गरेर स्वस्थ र नीरोग राख्न सकिन्छ । यसमा पञ्चतत्त्वको सन्तुलनले अहम् भूमिका खेल्दछ ।

स्मरण रहोस्, माटोमा विष तान्ने अद्भुत क्षमता हुन्छ । शरीरको जुन भागमा गिलो माटो लगाइन्छ, त्यहाँको विकार तानिएर आउँछ र शरीरबाट धेरै मात्रामा विष बाहिर निस्कन्छ । अचेल साबुन प्रयोग गर्ने चलन छ, तर विज्ञजनको कुरा मान्ने हो भने माटोको प्रयोग साबुनभन्दा हजार गुणा राम्रो हो ।

**यदि कसैले क्रोध, धूर्तता, वासना, आत्महत्या आदि नकारात्मक विचार गर्दछ भने अनेकौं व्यक्तिले भूतकाल वा वर्तमानमा गरेका वा गरिरहेका विचारहरू त्यहाँ आएर जम्मा हुन्छन् । परिणामस्वरूप त्यस दिशामा त्यस प्रकारका प्रवृत्तिहरू प्रबल हुन्छन् र नयाँनयाँ युक्ति फुर्न थाल्छ ।**

साबुन बनाउन उपयोग हुने कास्टिक सोडाले त्वचा शुष्क हुन्छ र रोमकूप बन्द हुन पुग्छ; जबकि माटोले मैलो काट्छ, विष तानेर त्वचामा ताजापन ल्याउँछ । माटो एउटा राम्रो बुकुवा हो, यसबाट गर्मीको बेला हुने घाउ-खटिरा पनि हुँदैन । त्यसैले आज पनि टाउकोमा मुल्तानी माटो लगाएर नुहाउने चलन विद्यमान छ ।

अग्नि चेतनता, क्रियाशीलता र सृजनको प्रतीक हो । यसको महत्त्व बुझेर वेदहरूका पहिलो मन्त्र अग्निलाई समर्पित छ-**अग्निमीले पुरोहितं** । सूर्य अग्निको मूर्तिमान प्रतीक हो । सूर्यलाई जगत्को आत्मा भनिएको छ । जुन रुखबिरुवालाई सूर्यको प्रकाश पर्याप्त मात्रामा प्राप्त हुन्छ, ती स्वस्थ र नीरोग रहन्छन् तर जहाँ सूर्य किरणको अभाव हुन्छ, ती रुख-बिरुवा अविकसित र अस्वस्थ अवस्थामा रहन्छन् ।

वैज्ञानिकहरूले सूर्यको अल्ट्रा-वायलेट र अल्फा-वायलेट किरणलाई स्वास्थ्यका लागि विशेषरूपले उपयोगी पाएका छन् । मशीनहरूबाट समेत यसको कृत्रिम निर्माण गर्न थालिएको छ, तर सूर्यको प्राकृतिक किरणको कुनै विकल्प छैन । सूर्यको किरणको आधारमा क्रोमोथेरापी नामको स्वतन्त्र चिकित्सा पद्धतिको आविष्कार भएको छ, जसमा रङ्गीन काँचको सहायताले सूर्य-किरण रोगीसम्म आवश्यकता अनुसार पुऱ्याइन्छ । रोग-कीटाणुहरूलाई नष्ट गर्ने जति क्षमता सूर्यमा छ, त्यति अरू केहीमा छैन । त्यसैले नित्य सूर्यस्नान गर्दा स्वास्थ्यमा आश्चर्यजनक सुधार ल्याउन सकिन्छ । यसका लागि न्यूनतम लुगा लगाएर सूर्यको मधुरो किरण पर्न दिइन्छ ।

स्मरण रहोस्, शरीरमा ९० प्रतिशत जल तत्त्व विद्यमान छ तथा १० प्रतिशत मात्रै अन्य । त्यसैले शरीरलाई जलको बढी आवश्यकता हुन्छ । शरीरमा जल तत्त्वको कमी भयो भने कैयौं प्रकारका विकार उत्पन्न हुन पुग्छ । शरीर सुक्न थाल्छ, नाडी अररो हुन थाल्छ, रक्त बाक्लिन थाल्छ तथा शुष्कता, दाह, प्यास आदि लक्षण उत्पन्न हुन थाल्छ । प्रतिदिन पर्याप्त मात्रामा पानी खाँदा शरीरलाई आवश्यक पोषक पाइन्छ तथा शरीरको भित्री अङ्गबाट उत्पन्न हुने पसिना, मूत्र, मलजस्ता विकार द्रव्यरूपमा बाहिर निष्कासित हुन थाल्छ ।

स्नानको रूपमा जल तत्त्वको औषधीय उपयोग प्रत्यक्ष नै छ । स्नान गरेपछि जुन चेतनता, स्फूर्ति आउँछ, त्यसलाई सबैले नित्य अनुभव गरेका छन् । हाम्रो संस्कृतिमा त्यसैले स्नानलाई विशेष महत्त्व दिइएको छ । स्नान गर्नु दैनिक कृत्य ठानिन्छ, त्यसैले हामीकहाँ **'बिनास्नान भोज निषिद्ध'** मानिएको हो ।

बाक्लो, खस्रो तौलियाले रगडेर गरिएको स्नान निकै उपयोगी हुन्छ, जसले त्वचाको मलिन प्वालको मुख खुल्छ, साथै घर्षणद्वारा गर्मी बढाएर शीतल जलले स्नान गर्दा शरीर सशक्त बन्दछ । बिस्तारैबिस्तारै प्रसन्नतापूर्वक प्रत्येक अङ्गको सफाइका साथ गरिएको स्नान निकै उपयोगी हुन्छ । नदी, पोखरीमा पौडी खेल्दै स्नान गर्दा कैयौं दृष्टिले लाभकारी हुन्छ । वर्षाको निर्मल जलमा पनि मौसमको ध्यान राखेर स्नानको आनन्द लिन सकिन्छ ।

वायु- पृथ्वी, जल र अग्नि तत्त्वको अपेक्षा बढी सूक्ष्म हुन्छ, त्यसैले यो बढी गुणकारी र प्रभावशाली पनि हुन्छ । अन्न र जलविना मानिस केही समय बाँच्न सक्छ, तर वायुविना केही क्षण पनि टिक्न गाह्रो हुन्छ ।

शरीरमा अन्य तत्त्वसँग गाँसिएका विकार त्यति खतरनाक हुँदैनन्, जति कि वायु विकार । जुन ठाउँमा वायु विकार हुन्छ त्यस अङ्गमा तीव्र वेदना अनुभूत हुन्छ । जुन ठाउँको वायु बिग्रिन्छ, त्यहाँ थरीथरीका रोग र महामारीहरूको उत्पत्ति हुन्छ र त्यहाँ मानिसहरू बस्न रुचाउँदैनन् । विधिवत् प्राणायाम गर्नेहरू वायु-साधनाको महत्त्व बुझ्दछन् । निस्सन्देह वायुको स्वास्थ्यसँग घनिष्ठ सम्बन्ध छ, त्यसको उचित उपयोग गरेर बिग्रेको स्वास्थ्यलाई पनि ठीक पार्न सकिन्छ ।

ऋषिहरूद्वारा खोजिएको यज्ञ-हवन पद्धति यसको एउटा उत्कृष्ट उपयोग हो । धार्मिकका साथै यसको स्वास्थ्यसम्बन्धी लाभ अनगिन्ति छ । यज्ञले शारीरिक तथा मानसिक स्वास्थ्य प्रदान गर्दछ । यसमा जहाँ औषधिहरू वायुभूत भएर प्रत्यक्ष लाभ दिन्छन् त्यहीं यज्ञीय भावनाका साथ गरिएको कृत्यले मानसिक रोगहरूको भित्रैदेखि उपचार गर्छ ।

आकाश सबैभन्दा सूक्ष्म तत्त्व हो, जुन प्रत्येक खोक्रो र ठोस पदार्थमा न्यूनाधिक मात्रामा व्याप्त छ । आकाशको गुण शब्द मानिएको छ । जति पनि शब्द छन् तिनको कारण आकाश हो । यदि आकाश नहुँदो हो त शंख, घण्ट, घरिघण्ट, तोप-बन्दुक, मोटर आदि कुनैको पनि आवाज सुनिँदैनथ्यो । यहाँसम्म कि हाम्रो वार्तालाप पनि सम्भव हुने थिएन ।

शब्दका दुई भेद छन्-ध्वनि र विचार । शब्दहरूद्वारा हामी आफ्नो विचार, भाव र अनुभूतिहरू अरूसम्म पुऱ्याउँछौं । यसै प्रकार विचारको पनि आफ्नो विज्ञान छ । मस्तिष्कबाट जुन विचार उठ्दछ, त्यो विद्युत् तरङ्गजस्तै आकाशमा फैलिन्छ र कहिले पनि नष्ट हुँदैन । यी आफ्जस्ता विचारहरूका साथ मिलेर विचार-बादल बनेर यतउता उडिरहन्छन् ।

यदि कसैले क्रोध, धूर्तता, वासना, आत्महत्या आदि नकारात्मक विचार गर्दछ भने अनेकौं व्यक्तिले भूतकाल वा वर्तमानमा गरेका वा गरिरहेका विचारहरू त्यहाँ आएर जम्मा हुन्छन् । परिणामस्वरूप त्यस दिशामा त्यस प्रकारका प्रवृत्तिहरू प्रबल हुन्छन् र नयाँनयाँ युक्ति फुर्न थाल्छ । त्यसैगरी सद्भाव, पवित्रता, त्याग, परमार्थ, संयमजस्ता विचार उठ्दा अनेक साधक तथा महापुरुषहरूका विचारणा एकत्र हुन्छन् र व्यक्तिलाई सन्मार्गतर्फ लाग्न प्रेरित गर्छन् ।

यस प्रकार पञ्चतत्त्वका यी केही सर्वमान्य प्रयोगको आधारमा प्रकृतिसँग मिलेमतो गरेर आवश्यक स्वास्थ्यलाभ उठाउन सकिन्छ । साररूपमा प्रकृतिको साहचर्यमा यी नियमहरूको अनुकूल बाँचेको जीवन नै स्वस्थ र नीरोग रहन्छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# माल्दिभ्स भ्रमण गर्ने भारतीय पर्यटकको सङ्ख्यामा एक तिहाइले कमी

माले, २६ फागुन/एएनआई

गत वर्षको तुलनामा यो वर्ष माल्दिभ्स भ्रमण गर्ने भारतीय पर्यटकको सङ्ख्यामा ३३ प्रतिशतले कमी आएको माल्दिभ्सको पर्यटन मन्त्रालयको तथ्याङ्कलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।


नयाँ दिल्ली र मालेबीचको कूटनीतिक सम्बन्धमा तनाव आएसँगै माल्दिभ्स आउने पर्यटकको सङ्ख्यामा पनि कमी देखिएको हो ।

सन् २०१९ को मार्चसम्ममा २७ हजार २२४ जना भारतीय पर्यटक आएका थिए। पर्यटन मन्त्रालयको सन् २०२३ को तथ्याङ्क अनुसार सन् २०२३ को मार्च ४ सम्ममा माल्दिभ्समा ४१ हजार ५४ जना भारतीय पर्यटकले भ्रमण गरेका थिए ।

माल्दिभ्सको अधाधु अनलाइनका अनुसार यो वर्षको पहिलो दुई महीनामा २७ हजार २२४ भारतीय पर्यटक माल्दिभ्स पुगेका थिए । गत वर्षको तुलनामा यो सङ्ख्या १३ हजार ८३० ले कम हो ।

गत वर्षको पहिलो दुई महीनाको अवधिमा माल्दिभ्समा पर्यटकका लागि भारत १० प्रतिशत बजार हिस्साका साथ दोस्रो ठूलो स्रोत थियो । यद्यपि यो वर्ष भारतीय पर्यटकको सङ्ख्या छ प्रतिशतका साथ सूचीको छैटौं स्थानमा रहेको छ ।

माल्दिभ्सका तीन उपमन्त्रीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको लक्षद्वीप भ्रमणको तस्बिरलाई लिएर अपमानजनक टिप्पणी गरेपछि दुई




देशबीच कूटनीतिक विवाद उत्पन्न भएको थियो ।

भारतीय प्रधानमन्त्री मोदीले भारतीय टापु समूहलाई समुद्र तट पर्यटन र आन्तरिक पर्यटन प्रवर्द्धनका लागि गन्तव्यका रूपमा विकास गर्न आह्वान गरेका थिए ।

नयाँ दिल्लीले माल्दिभ्सका राजदूतलाई बोलाएर भाइरल पोस्टको कडा विरोध गरेपछि यो विषयले ठूलो कूटनीतिक विवाद निम्त्याएको थियो । तीनैजना उपमन्त्रीलाई निलम्बनमा राखिएको छ ।

यस वर्षको शुरूमा माल्दिभ्सको पर्यटन उद्योगका सरोकारवाला अधिकारीले भारतमा बहिष्कार अभियानले गति लिएको र लोकप्रिय भारतीय फिल्म स्टारहरूको समर्थन प्राप्त गरेकोमा चिन्ता व्यक्त गरेका थिए ।

माल्दिभ्स एशोसिएशन अफ ट्राभल एजेन्ट्स एन्ड टुर अपरेटर्स (माटाटो)ले भारतीय पाहुनाको बूकिङ रद्द गर्दा परेको असरबारे सर्वेक्षण गरेको थियो तर उक्त निष्कर्ष सार्वजनिक गरिएको थिएन ।

सन् २०२१–२३ सम्म माल्दिभ्स पुग्ने भारतीय पर्यटकको सङ्ख्या दुई लाखको हाराहारीमा रहेको छ। यद्यपि, यस वर्ष अहिलेसम्म सबैभन्दा बढी अर्थात् ५४ हजारभन्दा बढी चिनियाँ पर्यटकहरूको आगमनको भएको र माल्दिभ्सको पर्यटनका लागि चीन नै शीर्ष बजार भएको छ। रासस

# चीनमा उपभोक्ता मूल्य छ महीनामा पहिलोपटक बढ्यो

बेइजिङ, २६ फागुन/एएफपी

अगस्तपछि पहिलोपटक फेब्रुअरीमा चीनको उपभोक्ता मूल्य वृद्धि भएको शनिवार सार्वजनिक तथ्याङ्कले देखाएको छ ।

बेइजिङस्थित राष्ट्रिय तथ्याङ्क विभाग (एनबिएस)का अनुसार उपभोक्ता मूल्य सूचकाङ्क गत महीना ०.७ प्रतिशतले बढेको छ । यो अगस्तपछिको पहिलो वृद्धि हो भने जनवरीमा उपभोक्ता मूल्य सूचकाङ्क ०.८ प्रतिशतले घटेको थियो ।

ब्लुमबर्गले गरेको सर्वेक्षणमा विश्लेषकहरूले ०.३ प्रतिशतले वृद्धि हुने अनुमान गरेका थिए ।

सन् २०२१ पछि पहिलोपटक जुलाईमा चीनमा गिरावट आएको उपभोक्ता मूल्य तथा सेवामा अगस्तमा केही समयका लागि सन्तुलन आए पनि त्यसयता मूल्यमा निरन्तर गिरावट आएको छ ।

परम्परागतरूपमा चिनियाँ नयाँ वर्षको अवधिमा उपभोक्ता मूल्यमा वृद्धि हुन्छ, तर यस वर्षको फेब्रुअरीमा यसको मूल्यमा कमी आएको थियो। एनबिएसका अनुसार फेब्रुअरीमा उत्पादन मूल्यमा २.७ प्रतिशतले गिरावट आएको छ। रासस

# पश्चिमी इनडोनेसियामा बाढी र पहिरोमा १० को मृत्यु १० बेपत्ता

जकार्ता, २६ फागुन/सिन्हवा

पश्चिम सुमात्रा प्रान्तको पेसिसिर सेलाटनको इन्डोनेशियाली रिजन्सीमा बाढी र पहिरोका कारण कम्तीमा १० जनाको मृत्यु भएको शनिवार स्थानीय विपत् व्यवस्थापन निकायले जनाएको छ। उक्त घटनामा अन्य १० जना बेपत्ता भएका छन्।

पेसिसिर सेलाटन विपत् न्यूनीकरण एजेन्सीका प्रमुख डोनी गुसरिजलले एक विज्ञप्तिमा उद्धारकर्ताहरूले अझै पनि अन्य बेपत्ता व्यक्तिहरूको खोजी गरिरहेको उल्लेख गरे । उद्धारकर्ताहरूले बाढी र पहिरोबाट प्रभावितहरूलाई उद्धार गरिरहेका छन् ।

शनिवार बिहानसम्म भएको वर्षापछि भएको डुबानले बाटो पुरिएपछि विपत्का कारण छुट्टिएका गाउँलेहरूलाई मदत गर्न डुङ्गाहरूको परिचालन गरी उद्धार शुरू भएको उनले बताए ।

गुसरिजलका अनुसार ४५ हजारभन्दा बढी मानिस सेलाटानका विभिन्न स्थानमा अस्थायी आश्रयस्थलमा बसिरहेका छन् । वर्षाका कारण २० हजारभन्दा बढी घर डुबानमा परेको र कम्तीमा आठवटा पुल भत्किएका छन्। बिहीवारदेखि यस क्षेत्रमा परेको भारी वर्षाले गर्दा धेरै गाउँमा पुग्ने सडक अवरुद्ध भएका छन् भने स्थानीयहरू विद्युत्विहीन भएका छन्। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – कर्मप्राप्ति |
| मिथुन – राज्यभय | कर्कट – रोगभय |
| सिंह – व्यापारवृद्धि | कन्या – शत्रुभय |
| तुला – कार्यनाश | वृश्चिक – भयचिन्ता |
| धनु – राज्यलाभ | मकर – धनखति |
| कुम्भ – सुयश | मीन – खर्चवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# रक्तदानलाई अभियानकै रूपमा सञ्चालन गर्नुपर्छ –सञ्चारमन्त्री

काठमाडौं, २६ फागुन/रासस

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले रक्तदानलाई अभियानकै रूपमा सञ्चालन गर्नुपर्ने बताएकी छन्।

ब्लड डोनर्स एशोसिएशन नेपालको आयोजनामा शनिवारदेखि शुरू भएको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै उनले स्वयंसेवी रक्तदाताको सङ्ख्या बढाउन सरकारी र गैरसरकारी क्षेत्रबाट निरन्तर अभियान सञ्चालन गर्नुपर्ने बताए ।

रक्तदानसम्बन्धी चेतना जागृत गर्न सरकारले ध्यान दिने बताउँदै सरकारले प्रदान गर्ने लोककल्याणकारी विज्ञापनमा रक्तदानसम्बन्धी चेतनामूलक सामग्री थप्ने प्रतिबद्धता व्यक्त गरिन् । मन्त्री शर्माले अन्य सार्वजनिक सूचना र सन्देशमा पनि यसलाई अनिवार्य गरिने बताए ।

दाताले रगत निश्शुल्क दान गरे पनि प्रशोधनलगायत सेवा शुल्क लिंदा रगत लिनेले शुल्क तिर्नुपर्ने बाध्यता रहेकोले त्यसलाई हटाउन आवश्यक बजेट व्यवस्थापनका लागि स्वास्थ्य मन्त्रालयमार्फत सहयोग गरिने मन्त्री शर्माले बताइन् ।

सामान्य अवस्थामा पनि रगत



सञ्चारमन्त्री रेखा शर्मा

आवश्यक पर्ने उल्लेख गर्दै उनले हाम्रो देश विपद्को जोखिममा रहेकोले आपत्कालीन रगत व्यवस्थापनलाई समग्र विपद् व्यवस्थापनकै एउटा पाटोको रूपमा जोडेर लैजानुपर्ने बताइन् ।

रेडक्रस, ब्लड डोनर्स एशोसिएशनजस्ता सामाजिक संस्थाले नेपालमा रगत व्यवस्थापनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेकामा त्यसको सराहना गर्दै सरकारकी प्रवक्ता मन्त्री शर्माले त्यसलाई देशकै अभियानका रूपमा निरन्तर सञ्चालन गर्नुपर्ने बताइन्।

# महिला सशक्तीकरणमा एमाले अग्रणी छ –अध्यक्ष ओली

काठमाडौं, २६ फागुन/रासस

नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले महिला सशक्तीकरण र जागरणका लागि आफ्नो पार्टी अग्रणी भूमिकामा रहेको बताएका छन् ।

११४औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा मोतीदेवी स्मृति केन्द्रद्वारा शनिवार आयोजित सम्मान, विमोचन र वृत्तचित्र प्रदर्शनीमा पूर्वप्रधानमन्त्री ओलीले सामाजिक रूपान्तरण, महिला जागरण र सामाजिक न्याय प्राप्तिका अभियानमा एमाले अग्रस्थानमा रहि नै रहने बताएका छन् ।

अध्यक्ष ओलीले व्यवस्था परिवर्तन भयो, अवस्था परिवर्तन भएन भन्ने हल्ला सत्य होइन भन्दै अहिले विभिन्न तीन तहमा सम्पूर्ण जनप्रतिनिधिमध्ये ४० प्रतिशत महिला हुनु र राज्यका निकायमा ३३ प्रतिशत महिला आरक्षण हुनुजस्ता विषयलाई उपलब्धिपूर्ण मान्नुपर्ने बताए ।

त्यस अवसरमा पूर्वप्रधानमन्त्री ओलीले 'सङ्घर्षशील योद्धाहरू'को लोकार्पण गरे भने सामाजिक रूपान्तरणकर्ता, उत्कृष्ट शोधार्थी र कम्युनिस्ट आन्दोलनमा योगदान गरेकालाई सम्मानित गरे । आज सम्मानित हुनेमा प्रेरणादायी महिलामा धम्मावती गुरुमा, युवा वैज्ञानिक रोजिता बुद्धाचार्य, वाइल्ड लाइफ फोटोग्राफर विनीता भण्डारी, उद्यमी सावित्री थापा, समाजसेवी शान्ति चड्डा, राजनीतिककर्मी सोना छेदुङ लामा, साहसिक बस चालक रेणुका थापा, दुर्गमकी चिकित्सक तुलसी शाही, सामाजिक अभियन्ता सोनिया सदाय र मानव बेचबिखनविरोधी अभियानकर्ता चरिमाया तामाङ छन् ।

केन्द्रकी अध्यक्ष अष्टलक्ष्मी शाक्यले आफ्ना निजी स्वार्थ त्यागेर समाज रूपान्तरण र महिला जागरणमा योगदान गरेका महिलालाई भविष्यमा पनि सम्मान गरिने जानकारी दिइन्। नेपाल कम्युनिस्ट पार्टीका एक संस्थापक मोतीदेवी श्रेष्ठको स्मृतिमा उक्त केन्द्र स्थापना भएको हो ।

# काङ्ग्रेसले राष्ट्रियसभा अध्यक्षमा उम्मेदवारी दिने

काठमाडौं, २६ फागुन/रासस

प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेसले राष्ट्रियसभा अध्यक्षमा उम्मेदवारी दिने निर्णय गरेको छ। पार्टी सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको निवास बूढानीलकण्ठमा शनिवार बसेको पार्टीका पदाधिकारी तथा पूर्वपदाधिकारीको बैठकले आसन्न राष्ट्रियसभा अध्यक्ष निर्वाचनमा पार्टीका तर्फबाट उम्मेदवारी दिने निर्णय गरेको हो ।

बैठकले राष्ट्रियसभा अध्यक्षका लागि पार्टीका तर्फबाट उम्मेदवारी दिने निर्णय गरेको पार्टीका पूर्वसहमहामन्त्री अर्जुननरसिंह केसीले जानकारी दिए । काङ्ग्रेसले पार्टीका तर्फबाट राष्ट्रियसभा अध्यक्ष तथा उपाध्यक्षमा कसलाई उम्मेदवार बनाउने भन्नेबारे भने अहिले निर्णय नलिइसकेको उनको भनाइ छ।

यसैगरी, बैठकले राष्ट्रियसभा अध्यक्षमा सहयोग खोज्न विपक्षमा रहेका अन्य दलसँग परामर्श गर्ने निर्णय गरेको नेता केसीले बताए । आजको बैठकमा बदलिंदो परिस्थिति र नयाँ गठबन्धनपछिका बारेमा छलफल भएको थियो । संसद्मा पार्टीका तर्फबाट निर्वाह हुने भूमिकाबारे समेत बैठकमा छलफल भएको नेता केसीले बताए ।

# मोटरसाइकलसहित यादवको शव पुलमुनि फेला

राजविराज, सप्तरी, २६ फागुन/रासस

कुनौली–राजविराज सडकखण्डमा पर्ने सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–१ स्थित पुलमुनि एक बेवारिसे पुरुषको शव शनिवार फेला परेको छ । जिल्लाको राजविराज नगरपालिका–१६ बस्ने राजेशकुमार यादवलाई पुलमुनि मृत अवस्थामा भेटिएको प्रहरीले जनाएको छ ।

पुलमुनि मधेस प्रदेश ३०६१ नम्बर को मोटरसाइकलसहित उनको शव भेटिएकाले दुर्घटनामा परेर ज्यान गएको हुन सक्ने प्रहरी नायब उपरीक्षक ढुण्डीराज न्यौपानेले जानकारी दिए । कुन कारणले कसरी दुर्घटना भयो भन्ने कुरा अहिलेसम्म खुलेको छैन तर घटनाका बारेमा प्रहरीले अनुसन्धान थालेको छ ।

पुलको तल शव देखेपछि स्थानीयवासीले प्रहरीलाई खबर गरेका थिए ।

मृतकको पहिचान भएपछि परीक्षणका लागि शव राजविरजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पठाइएको प्रहरीले जनाएको छ । घटनाबारे अनुसन्धान भइरहेको छ ।



**झिझियाँ नृत्य प्रस्तुतिः** सशस्त्र प्रहरी बल नेपाल नं २ छिन्नमस्ता वाहिनी मुख्यालयको २२औं स्थापना दिवसको अवसरमा शनिवार आयोजित कार्यक्रममा लोक नृत्य झिझियाँ प्रस्तुत गर्दै सशस्त्र प्रहरी बलका कर्मचारी । तस्बिरः अमरेन्द्रकुमार यादव/रासस



सुनौलो सगरमाथा : हिजो सूर्यस्तको बेला कालापत्थरबाट आमनेसामने देखिएको सगरमाथा। अस्ताउदो सूर्यको बेला सुनौलो सगरमाथाको दृश्य। तस्बिरः सुवास दर्नाल/रासस

# सानो पाइलाद्वारा महिला उद्यमशीलता परियोजना सुरुआत

प्रस, वीरगंज, २६ फागुन/

गैरसरकारी संस्था सानो पाइलाले महिलालाई उद्यमी बनाउने उद्देश्यले परियोजनाको घोषणासभा गरेको छ। शनिवार 'स्कूल अफ विमेन्स इन्टरप्रेनियरशिप' परियोजनाको घोषणा गरेको हो।

कार्यक्रममा पूर्वमन्त्री रमेश रिजालले सशक्त समुदाय निर्माणका लागि सानो पाइलाले इँटा थप्ने कार्य गरेको बताए। परियोजना अन्तर्गत एकल, विपन्न तथा हिंसामा परेका महिलाहरूलाई सीप सिकाएर स्वरोजगार बनाउने सानो



पाइलाको प्रयासको उनले सराहना गर्दै यस्ता सकारात्मक कार्यलाई समाजले बढावा दिनुपर्ने बताए।

पर्सा क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य एवं पूर्वमन्त्री अजयकुमार चौरसियाले महिला सशक्तीकरणको आवाज बुलन्द भइरहेको बेला महिलाहरूले सीप सिकेर सार्थकता प्रदान गर्नुपर्ने बताए। महिलाहरू आत्मनिर्भर भएमा मात्र उनीहरूमा आत्मविश्वास वृद्धि हुने र सोको लागि सीप अनिवार्य भएको उनले बताए।

प्रतिनिधिसभा सदस्य मनीष झाले समुदायस्तरमा हुने धेरैजसो तालीम कार्यक्रम कमिशन खान र बजेट सिद्धयाउने उद्देश्यले हुने गरेकोमा सानो पाइलाद्वारा सञ्चालित परियोजना फलदायी हुने विश्वास व्यक्त गरे। उनले सानो पाइलाले तालीम दिनुका अलावा स्रोतको व्यवस्थापन र स्वरोजगार बनाउन विशेष ध्यान दिनुपर्ने बताए।

कार्यक्रममा संविधानसभा सदस्य एवं नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य अनिल रूँगटा, मधेस प्रदेशसभा सदस्य श्याम पटेल, जि टु एशियाका नेपाल प्रतिनिधि सुरेश तामाङ, पटेर्वासुगौली गाउँपालिकाका अध्यक्ष दिनेशलाल चौधरीलगायतले महिला उद्यमशीलता र स्वरोजगारका बारेमा आआफ्नो धारणा व्यक्त गरेका थिए।

सानो पाइलाका संस्थापक अध्यक्ष कञ्चन झाले परियोजना सम्बन्धमा जानकारी दिएका थिए। सानो पाइलाका सञ्चार अधिकृत विवेक कर्णले संस्थाले सञ्चालन गरेका गतिविधि र परियोजनाको उद्देश्य र उपलब्धिका बारेमा विस्तृत विवरण प्रस्तुत गरेका थिए।

सञ्चार अधिकृत कर्णले परियोजना अन्तर्गत पर्साको पटेर्वासुगौली गाउँपालिकामा तीन महीनासम्म आवासीय हस्तकला सामग्री उत्पादनसम्बन्धी तालीम दिइने र ललितपुरमा कास्य परियोजना अन्तर्गत गरगहना बनाउने तालीम सञ्चालन हुने बताए।


कास्य परियोजनाकी वरिष्ठ कलाकार मीना नेपालले साङ्केतिक भाषामा अतिथिहरूलाई स्वागत गरेकी थिइन् भने अर्चना कर्ण दोभाषे थिइन्। कार्यक्रमको सहजीकरण सूर्यनारायण विकले गरेका थिए।

## बुढासुब्बा गोल्डकप धरान फूटबल क्लब विजयी

धरान, २६ फागुन/रासस

धरान फूटबल क्लबले २४औं बुढासुब्बा गोल्डकपमा राम्रो सुरुआत गरेको छ। आजदेखि शुरू प्रतियोगिताको उद्घाटन खेलमा आयोजक धरान फूटबल क्लबले पाहुना टोली भारतको युकेएफसीलाई सडन डेथमा पराजित गऱ्यो। जीतसँगै धरान फूटबल क्लब सेमिफाइनलमा प्रवेश गरेको छ।

खेलको ५९औं मिनेटमा धरानका लागि मिलन राईले गोल गरी अग्रता दिलाएका थिए। तर युकेएफसीका लागि



नयन प्रधानले ७३औं मिनेटमा गोल गरेपछि खेल बराबरीमा पुगेको थियो।

निर्धारित ९० मिनेटमा दुवै टीमबाट थप गोल नभएपछि पेनाल्टीमार्फत विजेताको टुङ्गो लगाइएको थियो। पेनाल्टी सुटमा पनि समान ५–५ गोल भएपछि खेल सडन डेथमा पुगेको थियो। सडन डेथमा १०–९ गोलले धरानले जीत निकालेको हो।

खेलको 'प्लेयर अफ दी म्याच' धरानका गोलरक्षक सचिन श्रेष्ठ भए। प्रतियोगिता अन्तर्गत आइतवार न्यूरोड टीम एनआरटी र त्रिभुवन आर्मी क्लबबीच प्रतिस्पर्धा हुनेछ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


## वैदेशिक रोजगारका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरू

- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा नजाऔं,
- वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
- आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
- अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,
- इजाजतप्राप्त कम्पनीमार्फत रोजगारमा जाऔं, दलालको फन्दामा नपरौं,
- सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,
- नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- सरकारले तोकेभन्दा बढी रकम मागेमा तुरून्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
- विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,
- विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफैं उद्यमी बनौं,
- श्रम स्वीकृतीको अवधि सकिएपछि अनिवार्य स्वदेश फर्किऔं,
- पुनः जानुपर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड


# खेलकूदको संसार

## मैत्रीपूर्ण क्रिकेटमा नेपाल हङकङसाग पराजित

काठमाडौं, २६ फागुन/रासस

मैत्रीपूर्ण टी–२० क्रिकेटमा नेपाल हङकङसँग पराजित भएको छ। हङकङले नेपाललाई ७३ रनले पराजित गरेको हो। हङकङमा शनिवार भएको खेलमा टस जितेर पहिला ब्याटिङ गर्दै हङकङले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा



२१२ रन बनायो। २१३ रनको लक्ष्य पाएको नेपालले १६ दशमलव चार ओभरमा सबै विकेट गुमाएर १३९ रन मात्र बनाउन सक्यो। नेपालका लागि विनोद भण्डारीले २२ बलमा ४१ रन जोडे। कप्तान रोहितकुमार पौडेलले ३० रन र आरिफ शेखले ३८ रन बनाए।

यसअघि हङकङका लागि बाबर हयातले अर्द्धशतकीय पारी खेले। उनले ४९ बलमा तीन चौका र १३ छक्काको मदतमा ११० रन बनाए। यस्तै, मार्टिन कोइत्जीले ३१ र अंशी राथले ३९ तथा अजिज खानले अविजित २१ रन बनाए। बलिङतर्फ नेपालका लागि आजैको खेलमा टी–२० क्रिकेटमा डेब्यु गरेका आकाश चन्दले तीन विकेट लिए। त्रिकोणात्मक शृङ्खला खेल्न नेपाली टोली बिहीवार हङकङ गएको थियो। नेपाल, हङकङ र पपुवा न्यूगिनीबीच यही फागुन २७ गतेदेखि त्रिकोणात्मक टी–२० आई शृङ्खला शुरू हुँदैछ। त्यसअघि नेपालले आज हङकङसित एउटा मैत्रीपूर्ण खेल खेलेको हो। त्रिकोणात्मक शृङ्खलामा नेपालले पहिलो खेल फागुन २७ गते हङकङसँग खेल्नेछ। यस्तै, नेपालले फागुन २९ गते पपुवा न्यूगिनीसँग खेल्नेछ। फागुन ३० गते त्रिकोणात्मक शृङ्खलाको फाइनल खेल हुनेछ।

नेपाली टोलीमा रोहितकुमार पौडेल (कप्तान), कुशल भुर्तेल, विनोद भण्डारी, गुलशन झा, सन्दीप जोरा, आरिफ शेख, विवेक यादव, राशिद खान, करण केसी, सागर ढकाल, प्रतीश जिसी, लोकेश बम, आकाश चन्द र अविनाश बोहोरा छन्। नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोली त्रिकोणात्मक शृङ्खला खेल्नका लागि बिहीबवर हङकङ गएको हो।

## दोस्रो वडास्तरीय क्रिकेट प्रतियोगिता

प्रस, वीरगंज, २६ फागुन/

वीरगंज महानगरपालिका–१० वडा कार्यालयको सहयोग तथा घडीअर्वा स्पोर्ट्सको आयोजनामा शनिवारदेखि दोस्रो वडास्तरीय क्रिकेट प्रतियोगिता–२०८० शुरू भएको छ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका पूर्वअध्यक्ष गणेश लाठले खेल क्षेत्रको विकासका लागि सरकारको सहयोग अपर्याप्त रहेको बताए। उनले खेल क्षेत्रमा पर्याप्त लगानीविना अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाडीबाट आशा राख्नु मूर्खता मात्र हुने बताए।



उनले चार दशक अघि आफू कराँतेको खेलाडी रहेको र पोखरामा छनोट भएर जाँदा तत्कालीन सरकारले दैनिक पचहत्तर रुपैयाँ भत्ता दिने गरेको कुरा स्मरण गरे। उनले वडाध्यक्षले दोस्रोपटक प्रतियोगिता आयोजना गरेर वडाका खेलाडीहरूलाई प्रोत्साहित पारेको बताए। खेलले युवाहरूको जीवन उकास्नुका साथै अनुशासन पालना गर्न सिकाउने बताए।

वडाध्यक्ष सुशील साह कानूले वडाका युवाहरूलाई खेलमा सक्रिय बनाइराख्नका लागि प्रतियोगिता आयोजना गरेको बताए। शिक्षाका साथै जीवनमा सकारात्मक सोच वृद्धिका लागि खेलकूद अति आवश्यक रहेको उनले बताए।

कार्यक्रममा वीउवासङ्घका पूर्वअध्यक्ष अशोक टेमानी, ठाकुर राम बहुमुखी क्याम्पसका प्रमुख रञ्जीत यादव, वडासदस्य सन्तोष चौलागाईं, क्लबका अध्यक्ष सन्तोष कानूलगायतको सहभागिता थियो।

प्रतियोगिता अन्तर्गत आज वडासमिति र घडीअर्वा स्पोर्ट्स क्लबबीच भएको मैत्रीपूर्ण खेलमा घडीअर्वा स्पोर्ट्स क्लब विजयी भएको थियो। निर्धारित १० ओभरको खेलमा वडासमितिले १०० रन बनाएको थियो भने घडीअर्वाले नौ ओभरमा १०१ रन बनाइ विजयी भयो। वडास्तरीय प्रतियोगितामा सातवटा टीम सहभागी छन्।

## महानगरस्तरिय राष्ट्रपति शिल्ड प्रतियोगिता

प्रस, वीरगंज, २६ फागुन/

वीरगंज महानगरस्तरीय राष्ट्रपति शिल्ड प्रतियोगिता शनिवारदेखि शुरू भएको छ।



वीरगंज महानगर र जिल्ला एथलेटिक्स सङ्घ पर्साको संयुक्त प्रायोजन तथा युवा तथा खेलकूद मन्त्रालय, खेलकूद तथा समाज कल्याण मन्त्रालय मधेस प्रदेश, राष्ट्रिय खेलकूद परिषद्को संयुक्त आयोजनामा नारायणी रङ्गशालामा आयोजित महानगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उद्घाटन पर्सा एथलेटिक्स सङ्घका अध्यक्ष वीरेन्द्रबहादुर कुर्मी क्षत्रीले गरेका थिए।

आज र भोलि गरी दुई दिनसम्म सञ्चालन हुने प्रतियोगितामा एथलेटिक्स, भलिबल, तेक्वान्डो, कराँते र कबड्डी खेल हुने मुख्य निर्णायक विश्वेश्वर पटेलले बताए। आज सम्पन्न १५ सय, चार सय र एक सय मिटरको दौड प्रतियोगितामा पुरुषतर्फ क्रमशः रोहित गुप्ता–रोशन रायभर, दीपक सहनी–दीपेश चौरसिया, धुरूप यादव–गजेन्द्र राम क्रमशः प्रथम, द्वितीय र तृतीय भएका थिए। यसैगरी, १५ सय मिटर दौडमा महिलातर्फ कुलसुम खातुन र कृति यादव प्रथम र द्वितीय भएका थिए। लङजम्पतर्फ पुरुषमा दीपक सहनी प्रथम र अविनाश साह द्वितीय भए भने महिलातर्फ कृति सहनी र रानी खातुन क्रमशः प्रथम र द्वितीय भए।

एथलेटिक्स, भलिबल, तेक्वान्डो, कराँते र कबड्डी प्रतियोगिताका विजयीहरूलाई यही फागुन २८–३० गते हुने जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी गराउने मुख्य निर्णायक पटेलले बताए।